"हामी सवैको रहर, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर"

# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शैक्षिक प्रशासन महाशाखा
विराटनगर, मोरंग

प्रदेश नं. १

८.१.२३०

मिति २०७७/०९/०५

बिषय :- विद्यालय स्थानान्तरण/सरुवाका लागि निवेदन पेश गर्नेसम्बन्धी सूचना ।

प्रस्तुत विषयमा विराटनगर महानगरपालिकाका सामुदायिक विद्यालयहरुमा तहगत दरवन्दी मिलानका लागि नगर शिक्षा समितिको मिति २०७७।०८।२१ को निर्णयानुसार विद्यालयगत तहगत दरवन्दी कायम गरिएकोले पुल कायम भई स्थानान्तरण (कार्यरत विद्यालयबाट सरुवा) हुने शिक्षकको हकमा तपसिलको आधारबाट सरुवा हुने भएकोले सरुवा हुन चाहने शिक्षकले पुल कायम रहेको विद्यालयमा पुलमा सरुवा भै जान मिति २०७७।०९।२२ गतेसम्म यस महाशाखामा निवेदन दिन अनुरोध छ । दरवन्दी कट्टा हुने विद्यालयको हकमा त्यस्ता विद्यालयबाट स्थानान्तरण हुने शिक्षकबाट सरुवा निवेदन नपरेमा पनि निजको तपसिलमा उल्लेखित आधार बमोजिम नै सरुवा व्यवस्थापन गरिनेछ ।

शिक्षक सरुवा हुने आधारहरु

शिक्षक दरवन्दी मिलान/व्यवस्थापन गर्दा शिक्षक सरुवा तथा पदस्थापन निम्न आधारहरुमा हुनेछ

१.काज व्यवस्थापन

काजमा रहेका शिक्षकहरुको हकमा दरवन्दी रहेको विद्यालयमा दरवन्दी कट्ने र काजमा रहेको विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा थप हुने देखिएमा काज रहेकै विद्यालयमा पदस्थापन गर्ने साथै काजमा रहेको विद्यालयमा दरवन्दी थप नहुने भएमा संभव भएसम्म पायक पर्ने विद्यालयमा सरुवा गर्ने ।

२. तालुक कार्यालयमा काजमा रहेका शिक्षकहरुको विद्यालयको दरवन्दी कट्ने भएमा संभव भएसम्म कार्यालयको सेरोफेरोका विद्यालयमा स्थानान्तरण गर्ने ।

३.महिला तथा अपाङ्गता भएका शिक्षकलाई सम्भव भएसम्म अपायक विद्यालयमा सरुवा नगर्ने ।

४. प्राथमिक तहको दरवन्दी कट्टा भई सोही विद्यालयमा नि.मा. तथा मा.वि. तहमा पुल कायम हुने भएमा कार्यरत शिक्षक त्यसै विद्यालयमा पुलमा कायम हुने ।

५. दरवन्दी थप हुने विद्यालयमा संभव भएसम्म रिक्त दरवन्दी कायम गर्ने ।

६.प्राथमिक तहबाट नि.मा. तथा माध्यमिक तहमा पुलमा स्थानान्तरण गर्दा स्थानान्तरण हुन चाहने शिक्षक मध्येबाट सम्बन्धित तहको योग्यता भएको शिक्षकलाई स्थानान्तरण गर्ने ।

७ विद्यालयमा आवश्यक भन्दा बढी निवेदन पर्न आएमा महिला तथा अपाङ्गता भएका शिक्षकलाई पहिलो प्राथमिकता दिई अन्य शिक्षकको हकमा शिक्षक नियुक्ति मितिको जेष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

नगर शिक्षा अधिकारी

अधिकृत दसौं

"हामी सबैको रहर, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर"

# विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### शैक्षिक प्रशासन महाशाखा

विराटनगर, मोरंग

प्रदेश नं. १

च.नं.- २३०

८.प्राथमिक तहबाट नि.मा. तथा माध्यमिक तहमा पुलमा स्थानान्तरण गर्दा स्थायी नियुक्ति मितिलाइ जेष्ठता कायम गर्ने । स्थानान्तरण हुने शिक्षकहरुको हकमा एउटै मितिमा स्थायी नियुक्ति भएमा अस्थायी अविच्छिन्नता मिति समेतलाई गणना गरी जेष्ठता कायम गर्ने । यसरी नखुलेमा नियुक्ति मिति एकै समय भएको खण्डमा उमेरको जेष्ठतालाई आधार मान्ने ।

९. दरवन्दी कट्टा भई सरुवा हुने भएमा राहत तथा करारमा नियुक्त भएका शिक्षकलाई नियुक्ति मितिको आधार लिई कनिष्ठताको आधारमा सरुवा गर्ने ।

१०. दरवन्दी कट्टा भई सरुवा हुने स्थायी शिक्षकको हकमा नियुक्तिको कनिष्टताको आधारमा सरुवा गर्ने ।

११.जिल्लान्तर सरुवा भई आएका शिक्षकको हकमा नेपालको संविधान जारी भएको मिति २०७२ साल असोज ३ गतेसम्मको कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

१२.त्यसैगरी नि.मा. तहमा विद्यार्थी संख्या न्युन भएका विराट बहिरा मा.वि.,जनता बाल आ.वि.र बालसुधार मा.वि.बाट त्यसै विद्यालयमा दरवन्दी रहने गरी माध्यमिक तहको दरवन्दी संख्या कम भएको र प्राथमिक तहका शिक्षकहरु पनि पुलमा जाने भएका कारण अर्को व्यवस्था नहुन्जेलसम्मको लागि जनता मा.वि.इकाही मा प्रा.वि.२ र जतुवा मा.वि. मा १ प्रा.वि. (नि.मा.पुललाई) काजमा लैजाने ।

१३. यस पालिकामा ४ वटा प्रा.वि.दरवन्दीलाई मात्र मा.वि.तहमा पूल कायम गर्नु पर्ने भएकोले यसरी पुल कायम गर्दा एक मा.वि.का लागि १ वटा मात्र पुल कायम गर्ने ।

१४.कुनै विद्यालय दरवन्दी बढी भई शिक्षक स्थानान्तरण गर्नु पर्ने अवस्था छ र त्यस विद्यालयमा रिक्त दरवन्दी छ भने रिक्त दरवन्दीमा पहिलो प्राथमिकता दिई शिक्षक पदस्थापन गर्ने ।

१५. प्रा.वि.तहबाट मा.वि.मा पुल कायम रहेको ४ दरवन्दीलाई माध्यमिक तहमा न्युन दरवन्दी (१/२ दरवन्दी) रहेको सार्वजनिक मा.वि., जनता मा.वि.इकाही, बाल मा.वि.रानी र शिक्षासदन मा.वि.मा १/१ दरवन्दी कायम गर्ने

१६. माध्यमिक तहमा केन्द्रबाट तोकिएको मा.दरवन्दी प्राप्त भएमा हाल दरवन्दी मिलान को क्रममा माध्यमिक तहमा पुलमा रहेको प्रा. दरवन्दीलाई विद्यार्थी संख्या अति न्युन भएका (कक्षा १-५ मा ५० विद्यार्थी भन्दा पनि कम) प्राथमिक विद्यालयहरुले न्युनतम विद्यार्थी ११० पुऱ्याएमा १ दरवन्दी थप गरी न्युनतम ५ दरवन्दी कायम गर्ने

१७ . प्राथमिक तहबाट नि.मा. तथा मा.वि. तहमा पुलमा जाने शिक्षकको हकमा संभव भएसम्म विषयगत रुपमा लैजाने व्यवस्था गर्ने ।

पुनश्च : दरवन्दी सम्बन्धी सम्पूर्ण जानकारी विराटनगर महानगरपालिकाको वेभसाइटमा राखिएको छ ।

०७६/०९/०४

...................

दुर्गाप्रसाद खतिवडा

नगर शिक्षा अधिकारी

अधिकृत दसौं